लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

☎०७१-५२६५०६
Email: vethosrupandehi@gmail.com

## प्रस्ताव आब्हान सम्बन्धी सूचना

सूचना नं. -०२/०८२/०८३ प्रथम पटक सूचना प्रकाशन मितिः२०८२।०७।१८

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र (मिति २०८२।०८।०८ गते सम्म) यस विज्ञ केन्द्र रुपन्देहीको कार्यालयमा **कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम तपसिलका कागजातहरू सहित खामबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यालयको सूचनापाटी/वेवसाईट **rupandehi.vethos.gov.np** वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५७०११२६१ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

### तपसिल

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | अनुदानको सीमा | आवेदकको किसिम |
|---|---|---|---|---|---|
| १ | मत्स्य पोखरीमा प्रयोग हुने विद्युत मशसुलमा छुट (८ लाख) (जिल्लाभरी) | कार्यालयले विद्युत महसुल तिरेको वील सहित निवेदन संकलन गरी सम्बन्धित कृषक/व्यावसायीको खातामा प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गरिनेछ। | • कम्तिमा १० कठ्ठा जलाशयमा मत्स्य पालन गरेको हुनुपर्ने<br>• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई मत्स्य व्यवसायमा मात्र प्रयोग भएको विद्युतिय मिटर हुनुपर्ने | • मत्स्य व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा वार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा अधिकतम रु. ५० हजारसम्म | समुह, सहकारी, निजी ब्यवसायी , |
| २ | मत्स्य ब्यवसायका लागि यान्त्रीकरणमा सहयोग - ६ लाख) (जिल्लाभरी) | • एरिएटर, सम्मरसिवल पम्प, सोलार पम्प, इलेक्ट्रिक मोटर, पम्प सेट, पेलेट मेसिन, फिडर मेसिन तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान। | • कम्तीमा ०.३ हे. जलाशयमा मत्स्य पालन हुनुपर्ने | • अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। | कृषक/फर्म/ कम्पनी/ समूह/समिति /सहकारी, |

6/18

**डा. परवेज आलम**
पशु विकास निर्देशक (दशौं)

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पुरानो पोखरी मर्मत सम्भार (सिलपोलिन सहित)<br><br>( ३ हे.- १५ लाख) (राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम;मत्स्य सुपर जोन लागु भएको क्षेत्र बाहेकलाई प्रथमिकता दिईनेछ) | • कृत्रिम पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन। | • कम्तीमा ५ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरूको मर्मत सम्भार गर्न सकिने,<br>• मर्मत संभार गरिएको पोखरीको गहिराइ कम्तीमा १.५ मिटर हुनुपर्ने,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहितको पोखरी मर्मत सम्भार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रूपमा उचित कायम गर्नु पर्ने। | • बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत सम्भारको लागि कुल लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. ५ लाख प्रति हेक्टर अनुदान। | समूह/ सहकारी /कम्पनी/ निजी व्यवसायी |
| ४ | डेरी तथा मासु पसल सुधार/निर्माण (जिउदो माछा पसल समेत)<br><br>(संख्या- ४- ४ लाख) (जिल्लाभरी) | • आवश्यक भौतिक पूर्वाधार निर्माण/सुधार, मेसिनरी/औजार/ उपकरण, सामाग्री खरिद तथा अन्य व्यवस्थापन।<br>• माछा पसलको हकमा कम्तीमा १०० के.जी जिउदो माछा कारोबार हुने गरी ट्याङ्क निर्माण सहित आवश्यक अन्य व्यावस्थापन | • डेरी पसल, मासु पसल र जिउदो माछापसलको हकमा क्रमश १०० लिटर दुध, ५० के.जी मासु र ५० के.जी माछाको कारोबार गरेको हुनुपर्ने।<br>• भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा कम्तीमा ५ बर्षको करारनामा पेश गर्नुपर्ने।<br>• अनुसूची १८, १९, २० र २१. अनुसार मापदण्ड पूरा गर्नुपर्ने। | प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम १ लाख अनुदान दिन सकिने । | • फर्म/ कम्पनी/ समुह/ कृषि सहकारी |
| ५ | व्यवसायिक कुखुरा तथा बङ्गुर फर्म सुदृढिकरण कार्यक्रम (संख्या- १०- १६ लाख) ( जिल्लाभरी) | • फार्मको स्तरोन्नती, क्षमता बृद्धी, भौतिक पूर्वाधार निर्माण/सुधार, जैविक सुरक्षाका तथा आहारा व्यवस्थापनका लागि आवश्यक औजार/उपकरणहरु, बजारीकरणका लागि आवश्यक पर्ने सामाग्री खरिद तथा व्यवस्थापन। | • कम्तीमा २००० कुखुरा, १० माउ बङ्गुर पालन गरेको फर्म हुनुपर्ने<br>• जैविक सुरक्षा विधि अवलम्वन तथा विमा गरेको फर्मलाई प्राथमिकता दिनुपर्ने।<br>• भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा कम्तीमा १० बर्षको करारनामा पेश गर्नुपर्ने। | प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम रु १ लाख ६०हजार सम्म अनुदान दिन सकिने। | फर्म/ कम्पनी/ समूह/ सहकारी |

**डा. परवेज आलम**
पशु विकास निर्देशक (दर्शौं)

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना (अनुसूची २५ बमोजिम) पेश गर्नु पर्ने छ।
६. कार्यक्रम सञ्चालनको लागी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।(समूह/ कम्पनी/सहकारीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।(छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
१०. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।
११. शैक्षिक योग्यता/ अनुभव/ तालिमको प्रमाणपत्रको प्रतिलिपि

६।९८

डा. परवेज आलम
पशु विकास निर्देशक (दशौं)